# स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना

## (Local Disaster and Climate Resilience Plan)




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

## बोगटान फुड्सिल गाउँपालिका

## डोटी जिल्ला

२०७९

**योजनाको नाम :** गाँउपालिका स्तरीय विपद् तथा जलवायु उत्थानशील योजना

**तयार गरिएको वर्ष** : २०७९ साल

**योजना अवधि :** ५ वर्ष

**तयार गर्ने :** बोगटान फुड्सिल गाउँपालिका गाउँपालिकाको कार्यलय चवराचौतारा सुदुरपश्चिम प्रदेश नेपाल

**समन्वय :** स्थानीय विपद् तथा जलवायु उत्थानशील समन्वय समिति बोगटान फुड्सिल गाउँपालिका

**आर्थिक सहयोग :** कारितास अष्ट्रिया/कारितास नेपाल

**प्राविधिक सहयोग:** सामुदायिक बिकास केन्द्र डोटी

# बोगटान फुड्सिल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय चावराचैतारा डोटी

पत्र संख्या .

सुदुर पश्चिम प्रदेश,नेपाल

चलानी

मितिः

## सन्देश :

विपद् जोखिम तथा जलवायु परिवर्तनले गर्दा गरिवी र सामाजिक अर्न्तनिहितका कारणहरु न्यूनीकरणका लागि थप चुनौतिहरु सृजना गरेको छ । अनियमित बर्षा र अत्याधिक एवं पटक पटक आउने पहिरो, बाढि, विनाशकारी हुरि बतास, शितलहर, खडेरी आदि जस्ता सवै प्रकारका प्रकोपहरुले गर्दा गरिव तथा विपन्नवर्गको जीविकोपार्जन सुरक्षामा असर पार्दछन् । परिवर्तित जलवायुले ल्याएको असरहरुले विकासका कार्यक्रमहरुलाई समेत प्रत्यक्ष रुपमा असर पारेको अनुभव गरिएको छ । बाढी, पहिरो, वन्यजन्तु आतंक, असिना, आगलागी, खडेरी, चटयाङ्ग, असिना, हुरीवतास, खडेरी, र महामारी जस्ता गाउँपालिकामा देखिएका मुख्य प्रकोपहरु हुन । यस्ता प्राकृतिक तथा मानवीय प्रकोपहरुले यस बोगटान फुड्सिल गाउँपालिका अर्न्तगतका स्थानीय बासिन्दाहरुलाई दिन प्रतिदिन असर पार्दै आईरहेको छ। यहाँको मुख्य पेशा कृषि हो जुन सतप्रतिशत जलवायुसंग जोडिएको छ । यहाका सम्पुर्ण घरधुरीहरु विपद जोखीम तथा जलवायु परिवर्तनको असरबाट दिन प्रतिदिन प्रभावित भईरहेको सन्दर्भलाई मध्ये नजर गरि कारीतास अष्ट्रिया, कारीतास नेपालको सहयोगमा सन्चालित **सामुदायीक उत्थानशिलता सृदृढीकरण परियोजनाको** आर्थिक तथा प्राबिधिक सहयोगमा सामुदायीक विकास मञ्च सि.डी.एफ नेपाल र बोगटान फुड्सिल गाउँपालिका तथा स्थानीय विपद् व्यवस्थापन समितिको अगुवाईमा स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका २०७४ (मस्यौदा) अनुरुप तयार गरिएको हो ।

यसरी पहिचान भएका विपद् तथा जलवायु जोखिमलाई विस्तृत रुपले ब्यवस्थापन गर्नको लागि आगामी ५ वर्षको विस्तृत कार्ययोजना तर्जुमा गरिएको छ । स्थानीय विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिर्वतन अनुकूलन योजना कार्यान्वयनको लागि आवश्यक पर्ने सहयोग प्राप्त गर्न सकिने सरोकारवालाहरु समेतको सहयोगमा यसलाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याईनेछ । यसको लागि स्थानीय विपद् व्यवस्थापन समिति सबै निकायलाई सहयोगको लागि आव्हान गर्दछु । साथै यो योजना निर्माण गर्न सहयोग गर्नु हुने सबै प्रति हार्दिक कृतज्ञताका साथ धन्यबाद ज्ञापन गर्दछु ।

कमल वहादुर गडसिला
गाउँपालिका अध्यक्ष

# बोगटान फुड्सिल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय चावराचैतारा डोटी

पत्र संख्या .

सुदुर पश्चिम प्रदेश,नेपाल

चलानी

मितिः

## कृतज्ञता ज्ञापन

नेपाल सरकार संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्धारा जारी गरिएको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका २०७४ (मस्यौदा) तथा स्थानिय जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन २०७४ अनुसार यस वडामा पनि कार्यक्रम संचालन गरिएकोमा खुसी लागेको छ । मानिसलाई प्राकृतिक रुपमा आइपर्ने प्रकोपजन्य वा जलवायुका कारण मानवजन्य जनधनमा पर्ने असरलाई विपद् भनिन्छ जो मानिसले प्रकृति संग गरिने कृयाकलापहरुमा पनि आधारित हुन्छ । कतिपय विपद्हरु प्राकृतिक रुपमा मात्रै उत्पत्ती हुन्छन् तिनिहरुलाई मान्छेले रोक्न अथवा नियन्त्रण गर्न सक्दैन तर तिनिहरु बाट वच्ने उपाय मात्र गर्न सक्छ जस्तै भुकम्प यसलाई मान्छेले रोक्न अथवा नियन्त्रण गर्न नसके पनि यसवाट हुने क्षती कम हुने उपाय गर्न सक्छ भने अन्य वाढी, पहिरो, नदी कटान, डुवान, खडेरी, जंगली जनावर, सडक दुर्घटना, महामारी जस्ता प्रकोपहरु मानविय कृयाकलाप बाट सृजित हुने भएकाले यसको प्रभावकारी व्यवस्थापन र न्यूनिकरण गर्न विभिन्न उपायहरु अपनाउनु पर्ने हुन्छ ।

माथिको वाक्यांशलाइ आधार मान्दै यस गाउँपालिकामा सम्भावित विपदहरुको पहिचान गरी ति विपदहरु लाई व्यवस्थापन र न्यूनिकरण गर्न यस वडाको "**स्थानिय विपद् तथा जलवायु उत्थानशिल योजना** " निर्माण गरिएको छ । यस योजनाले गाउँपालिकामा हुने सम्भावित विपद्हरुलाई पहिचान गर्नुका साथै ति जोखिमयुक्त वस्ती, समुदाय र क्षेत्रहरुको समेत पहिचान गरी कुन क्षेत्रमा विपद् न्यूनिकरण गर्न के उपाय गर्न सकिन्छ सो उपायको खोजी र प्रयोग गर्ने योजना तथा कार्यक्रम समेट्ने प्रयास गरिएको छ । प्रस्तुत योजना अनुसार यस गाउँपालिकाको विपद् तथा जलवायु उत्थानशिल योजनाले समेटेका योजना तथा कार्यक्रमहरु कार्यान्वयनको लागि विभिन्न कृयाकलापहरुमा सहयोग गर्न सवै सम्वन्धित सरोकारवाला सरकारी तथा गैर सरकारी निकायहरुलाई अनुरोध समेत गरिने छ ।

यस गाउँपालिकाको विपद् तथा जलवायु उत्थानशील योजना निर्माण गर्न सहयोग गर्ने कारीतास अष्ट्रया कारीतास नेपाल को आर्थिक सहयोगमा र सामुदायीक विकास मञ्च नेपालको सहजीकरण र स्थानिय विपद् व्यवस्थापन समितिलाई समेत विशेष धन्यवाद दिन चाहन्छु ।

भरत वहादु चन्द

प्रमुख प्रशासकिय अधिकृत

**विषयसूची :** योजनाको स्वरूप अनुसार विषयसूची तयार गरेर राख्ने ।

# खण्ड - १ : प्रारम्भिक परिचय

## १.१ परिचय :

नेपाल प्राकृतिक प्रकोपहरु बारम्बार आइरहने देश हो । विश्व मानचित्रमा नेपाललाई विपद्बाट अति जोखिम प्रभावित भएको देश मानिन्छ। विश्वमा नेपाललाई विपद् जोखिमको दृष्टिले अतिउच्च जोखिममा रहेको राष्ट्रको रुपमा लिइन्छ । नेपालले प्रत्येक वर्ष विभिन्न किसिमका प्राकृतिक प्रकोपहरु जस्तै बाढी, पहिरो आगलागी, रोगव्याधी, महामारी, खडेरी, शीतलहर, हिमपात, हावाहुरी, चट्याङ, जंगली जनावर आंतङ्क, मौसमको बिषमता तथा भूकम्प जस्ता प्रकोपहरुबाट गम्भीर खतराको सामना गर्दै आइरहेको छ । केही तथ्य र तथ्यांङ्कहरूका आधारमा नेपाल विश्व मानचित्रमा विपद् जोखिमको नक्शाङ्कनमा ११ प्रकारको प्रमुख बहुप्रकोपीय हिसावले २० औं स्थानमा रहेको छ, भूकम्पीय जोखिमको हिसावले ११ औं, बाढी तथा पहिरोको जोखिमको हिसावले ३० औं स्थानमा र जलवायू परिवर्तनको प्रभावको हिसावले चौथो स्थानमा पर्दछ ।

यस बोगटान फुड्सिल गाउँपालिकाको सम्पूर्ण विषयवस्तुको अध्ययन गर्दा साविकका सिमचौर,केदार अखडा, कानाचौर, सातफरी, धिर्कामाणडौं, गगुडा र चवराचौतारा सम्मेलित ७ वटा गाविस सम्मेलित अहिलेको यो विशाल बोगटान गाउँपालिका बनेको हो । यस गाउँपालिकाको पूर्वमा अछाम र सुर्खेत पश्चिमतिर बडीकेदार गाउँपालिका उत्तरमा के आई सिंह गाउँपालिका र दक्षिणमा सुर्खेत, वडीकेदार गाउँपालिकाको सिमानासँग जोडिएको छ । वन जंगल सीमित रहे पनि यस वडाको वन सम्पदा निकै राम्रो रहेको छ । यस गाउँपालिकामा पानीको मुहान प्रशस्त नभएपनी भएका मुहान तथा खोलानाला को पानी व्यावस्थापन गरी खेती योग्य जमिनमा सिंचाइ हुदै आरहेको छ तापनि उचित व्यवस्थापन र आधुनिक कृषि प्रणाली नअपनाउँदा कृषिको उत्पादकत्वमा भने उल्लेखनीय वृद्धि हुन सकेको छैन । प्रयाप्त स्रोतको अभावले गर्दा व्यवस्थित सिंचाइ भने गर्न सकेको छैन । प्रकोपका हिसाबले भन्ने हो भने यस गाउँपालिकाका अधिकांश बस्तिहरु वर्तमान अवस्थामा निकै संकटासन्नता अवस्थामा गुज्रिरहेका छन् । त्यसैले यहाँका धेरै बस्ति पहिरो, बाढी, हावाहुरी, आगलागी, जंगलीजनावर आतंक, चट्याङ, खडेरीको जोखिममा रहेकोले पूर्वतयारी अपनाउनु जरुरी देखिन्छ । झण्डै १७९०२ भन्दा बढी जनसंङख्या रहेको यस गाउँपालिकामा करिब सम्पन्न परिवारको अवस्था ज्यादै न्युन रहेको देखिन्छ । धैरै परिवार विपन्न र मध्यम अवस्थामा जीवन बिताईरहेका छन् । यस गाउँपालिकाको विगत ३० वर्ष अगाडि र हालको अवस्थाको तुलनात्मक अध्ययन गर्दा पहिलेको अवस्थामा घना जंगल, कम जनसंख्या, प्राकृतिक श्रोतको पर्याप्त उपलब्धता मौषमी अनुकूलता रहेको तर हालको अवस्थामा पहिरो, बाढी, हावाहुरी, आगलागी, जंगलीजनावर आतंक, चट्याङ, खडेरी जस्ता घटना न्युन रहेको देखिन्छ तर हाल आएर आगलागी जस्ता प्राकृतिक घटना बढ्दै छन् साथै जनसङ्ख्या वृद्धि, वन जगंल फडानी हुदै गइरहेको छ । यसका साथै यातायात र सञ्चारका साधनको विकास र बिस्तार पनि हुदै गइरहेको छ ।

यस बोगटान फुड्सिल गाउँपालिका अन्य भौतिक तथा सामाजिक श्रोतको बारेमा चर्चा गर्दा यो गाउँपालिकामा ९ वटा माध्यामिक विद्यालय र ३२ वटा आधारभूत विद्यालय र ३.सामुदायिक सिकाई केन्द्र रहेका छन् । विपद्को समयमा सहयोग गर्नको लागि गाँउगाउँमा विभिन्न बचत समूह, सामुदायिक समूह रहेका छन् भने गाउँका मानिसहरु विपद्को समयमा सहयोग गर्न सधैं तयार रहेका छन् । यस्ता विपद्को बारेमा सचेत गराउन मानिसहरुले गैसस मध्ये बिभिन्न तालिमहरु, नाटकमार्फत ज्ञान सीप प्राप्त गरेका छन् । यस गाउँपालिकामा मुख्य बालीनालीमा धान, गहुँ, मकै खेती गरेको पाइन्छ र नगदेबालीमा भटमास मुख्य रहेको छ । परम्परागत शैलीबाट खेतीपाती गर्दैआएको अवस्थाका कारण कृषिमा उत्पादकत्व न्युन रहेकोले मानिसहरुको जीविकोर्पाजनका लागि कृषिमा आधुनिकीकरण गरी सुधार गर्नु पर्ने देखिन्छ । यस गाउँपालिकामा जम्मा ३६०५

घरधुरी रहेको छ भने ९३४७ महिला र ९५९५ पुरुष गरी जम्मा जनसंख्या १८९४४ रहेको छ । जस मध्ये दलित २९४०, जनजाती ८६७ र ब्राह्मण/क्षेत्री १४१३७ रहेका छन् ।

## १.२ योजनाको उद्देश्य :

यस स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाका उद्देश्यहरु यसप्रकार रहेका छन् :

- प्रकोप र विपद् सम्बन्धी सचेतना अभिवृद्धि गर्दै स्थानीय विपद व्यवस्थापन समितिको क्षमता विकास गराउने ।
- स्थानीय सरकार, सरोकारवाला र विशेष गरी समुदायको प्रत्यक्ष एवंम् सक्रिय सहभागिता अभिवृद्धि गरी विपद् जोखिम न्युनीकरण तथा प्रतिकार्यका कार्यलाई प्रभावकारी बनाउने ।
- प्रकोप, जोखिम नक्साङ्कन र सामाजिक स्रोत नक्साङ्कनको आधारमा प्रकोप, सङ्कटासन्नता र क्षमताको पहिचान गरी विपद् जोखिम न्युनीकरणका कार्यहरु संचालन गर्ने ।
- विपद् संकटासन्न समुदाय साथै पारिस्थितिकीय प्रणालीहरूको जोखिमता र अनुकूलन क्षमताको विश्लेषण गरी अनुकूलन क्षमतामा अभिवृद्धि गर्ने ।
- सम्बन्धित निकायहरू बीच विपद व्यवस्थापन मूलप्रवाहीकरणका निम्ति समन्वय गराउनु साथै अनुकूलन योजनाहरू प्रभावकारी रूपमा कार्यान्वयन गराउने ।
- विपद् सम्बन्धी प्रविधिहरूको प्रदर्शनी, प्रवर्द्धन एवंम् अभ्यास गराउने ।
- समुदायस्तरमा गठन भएका विपद् व्यवस्थापन समिति तथा अन्य विपद्सित सम्बन्धित विषयमा कार्य गर्ने स्थानीय संघसंस्था, निकाय र सरोकारवालाहरुको क्षमता विकास गरी उत्तरदायी बनाउन ।

## १.३ योजनाको आवश्यकता तथा महत्व :

विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन अन्तर्गत गरिने विभिन्न चरणका कार्यहरुलाई व्यवस्थित गर्नका लागि स्थानीय स्तरमा तर्जुमा गरिने विकास योजनाहरुको मुख्य भागका रुपमा यो योजना कार्यान्वयन हुन्छ । विपद्को घटना मानव समुदायका लागि सम्वेदनशील भएकोले यस्तो अवस्था नआओस भन्नाका निमित्त विकासका हरेक कार्य र क्रियाकलापहरुमा सुरुदेखि अन्तिमसम्म विपद् व्यवस्थापन र दीगो विकास अवधारणासित समायोजन गरी समुदायको प्रत्यक्ष र सक्रिय सहभागितामा कार्य गर्नु पर्दछ । यसकारण पनि यस योजनाको आवश्यकता र महत्वलाई पुष्टि गर्दछ ।

- बोगटान फुट्सिल गाउँपालिकास्तरमा विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा हुने र विपद जोखिम न्युनीकरण तथा व्यवस्थापनका लागि वडा तथा गाउँपालिकास्तरमा संस्थागत संरचना तयार हुने ।
- गाउँपालिकास्तरीय विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापनमा मा सूचनाको पहुँच रहने ।
- बहुजोखिम तथा क्षमता विश्लेषण, योजना निर्माण, कार्यान्वयन र अनुगमनमा समुदायको प्रत्यक्ष सहभागिता रहने ।
- विपद पूर्वतयारी तथा प्रतिकार्य समूह निर्माण हुने र आवश्यक पर्दा परिचालन गर्न सकिने अवस्थामा रहने ।
- विपद् जोखिम न्युनिकरण कोष स्थापना हुने ।

- समुदायले व्यवस्थापन गरेका स्रोतहरुमा समान पहुँच हुने
- वडास्तरमा विपद् जोखिम न्युनिकरणका उपायहरु अवलम्बन गरिने ।
- समुदायमा आधारित पूर्व चेतनावनी प्रणालीको स्थापना हुने भएकोले समुदाय सुरक्षित रहन मद्दत पुग्ने ।
- विपद् पूर्व, विपद्‌को समयमा र विपद्रपछिको समयमा समेत मानिसमाथि पर्ने प्रतिकूल प्रभावको सामना गर्न मद्दत पुऱ्याउने ।
- विपद्‌को समयमा मानवीय सहयोगलाई व्यवस्थित गर्ने सुनिश्चितता प्रदान गर्ने ।
- उद्धार तथा राहत जस्ता कार्यमा पीडित समुदायको समान पहुँचको प्रत्याभूति गर्ने ।
- क्षेत्रगत रुपमा कामको बाँडफाँड हुने हुँदा मानवीय सहयोग पारदर्शी, प्रभावकारी र व्यवस्थित हुनुको साथै सेवाप्रदायकमा जवाफदेही र उत्तरदायित्वको भावना विकास गराउने ।

## १.४ योजनाको सीमा :

सरकारी निकाय, गैरसरकारी संस्था तथा स्थानीय सरकारले तयार पार्ने हरेक तहका योजना तथा कार्यक्रमका आफ्नै महत्व र सीमा हुन्छन् । त्यसैगरी यस योजनाका पनि निम्नानुसारका सीमा रहेका छन् ।

- यस योजनाको कार्यान्वयन स्थानीय सरकारले आफ्नो नियमित योजना तर्जुमा प्रक्रियाको अभिन्न अंगको रुपमा गर्ने भएकोले यो योजना एकैपटक कार्यान्वयन नभइ विकास निर्माणसँग सम्बन्धित भएर निरन्तर कार्यान्वयनमा रहने छ ।
- यो योजना स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका २०७४ को अनुसार तयार पारिएकोछ । यस योजना कार्यान्वयनका लागि वडा तथा गाउँपालिकाले आवश्यक रुपमा जनशक्ति तयार गर्न समय लाग्नेछ र त्यसको लागि स्रोतको खोजी गर्नुपर्ने हुन्छ जुन उपलब्ध हुन्छ नै भन्ने निक्यौल गर्न सकिँदैन ।
- यस योजनाको कार्यान्व्यन, अनुगमन तथा मूल्याकंनका लागि आवश्यक दक्ष जनशक्तिको उपलब्धता स्थानीयस्तरमा न्यून रहन पनि सक्छ र दक्ष जनशक्ति विकास गर्न समय लाग्न पनि सक्छ ।

स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमाको क्रममा आवश्यक पर्ने विभिन्न सूचना तथा तथ्यहरु संकलन गर्न केही कठिनाइ भएको छ । यस योजनाको कार्यान्वयन, व्यवस्थापन र अद्‌यावधिक गर्नका लागि गाउँपालिका पार्श्वचित्र (Municipality Profile) तयार गरी राख्न र यसका लागि आवश्यक पर्ने स्रोत परिचालन गराउनु आवश्यक छ । जलवायु परिवर्तनका असर तथा अनुकूलन प्रयास सम्बन्धी सूचनाहरू समुदायको अनुभव र छलफलबाट संकलन गरिएको हो । स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा गर्दा निर्धारण गरिएका कार्ययोजना कार्यान्वयन तथा व्यवस्थापनका लागि कुनै एक पक्षको सहयोग, स्रोत, साधन र क्षमता मात्र पर्याप्त नहुने भएकोले यसलाई कार्यान्वयन गर्नका लागि संस्थागत विश्लेषणका आधारमा विभिन्न सरकारी निकाय तथा गैरसरकारी संस्थाहरूले समन्वय तथा सहकार्य गर्नु अत्यन्त जरुरी देखिन्छ ।

## १.५ योजना निर्माण प्रक्रिया/विधि :

यस योजना तर्जुमा गर्ने क्रममा अपनाइएका विधिहरु यसप्रकार रहेका छन् ।

### चरण १ :

यस गाउँपालिकामा रहेका विपद जोखिम व्यवस्थापन योजनाहरुलाई पालिकास्तरीय विपद् तथा जलवायु उत्थानशील योजनाले संवोधन गर्नुपर्ने भएकोले हालसम्म पनि स्थानिय तहको विपद् तथा जलवायु उत्थानशील योजना नभएको हुदाँ कारितास नेपाल र सामुदायिक विकास मञ्च नेपाल डोटी द्वारा संचालित सामुदायिक उत्थानशिलता सुदृढीकरण परियोजना को आर्थिक तथा प्रबिधिक सहयोग र यस गाउँपालिकाको सक्रिय सहभागितामा स्थानिय स्तरीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा प्रक्रिया अगाडि बढाउने निर्णय गरियो । जसअनुसार पालिकास्तरीय भेला आयोजना गरी गाउँपालिकाका अध्यक्ष श्री कमल वहादुर गडसिला को अध्यक्षतामा स्थानिय  विपद् तथा जलवायु उत्थानशील समितिको गठन गर्दै यसै समितिको मातहत रहने गरी एक योजना तर्जुमा उप-समितिको पनि गठन गरियो । त्यसै पालिकास्तरीय विपद् तथा जलवायु उत्थानशील समितिको निर्णयानुसार नै सो समिति र उप-समितिलाई योजना तर्जुमा प्रक्रियाका लागि सक्षम बनाउन २ दिने कार्यशालाको आयोजना गरियो ।

### चरण २ :

दोस्रो चरणमा स्थानीय समुदायकै सक्रिय सहभागितामा संकटासन्नता तथा क्षमता विश्लेषणको लागि आवश्यक पर्ने तथ्यांक संकलन गरिएको थियो । यसरी संकलन गर्दा कारितास नेपाल र सामुदायिक विकास मञ्च नेपाल डोटी का कर्मचारी तथा स्वयमसेबकहरुको सहयोगमा स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति र योजना तर्जुमा उप-समितिका सबै सदस्यहरु र स्थानिय स्वयम सेबकलाई प्रत्येक टोल र बस्तिस्तरमा परिचालित भएका थिए भने यस पालिका अध्यक्ष तथा वडा अध्यक्ष, सदस्यहरुबाट अनुगमन समितिमा रहेर प्रत्यक्ष अनुगमन गरिएको थियो । यसरी तथ्यांक संकलन गर्दा समुदायका सबै तह, तप्का, र वर्गको सहभागिता सुनिश्चित गरिएको थियो । संकलित तथ्यांकको पुनरावलोकन, प्रमाणीकरण, प्रशोधन र विश्लेषणका लागि स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति र योजना तर्जुमा उप-समितिको संयुक्त बैठक आयोजना गरिएको थियो । सो बैठकले अपुग ठानेका र त्रुटी रहेका केही तथ्यांङ्कहरुको पुनः संकलन र परिमार्जन गर्ने काम गरी, सकेसम्म त्रुटिरहित तथ्यांकको आधारमा योजना तर्जुमा होस् भन्ने कुरामा विशेष ध्यान पुऱ्याइएको थियो ।

### चरण ३ :

स्थानिय विपद् तथा जलवायु उत्थानशील समितिले पार्श्वचित्र (Profile) मा पहिचान भएका जोखिमको व्यवस्थापन गर्न समुदाय तथा बस्ति तहमा सञ्चालन गर्नु पर्ने क्रियाकलापहरूको पहिचान गरी प्राथमिकता निर्धारण गरियो । समुदाय र बस्ति/टोलस्तरमा समुदायमा प्राथमिकीकरण भएका विपद् तथा जलवायु उत्थानशीलताका कार्यलाई एकीकृत गरी स्थानिय विपद् तथा जलवायु उत्थानशील योजनाको मस्यौदा तयार गरिएको थियो सो मस्यौदा योजना माथि बिस्तृत छलफल गर्न स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति र योजना तर्जुमा उप-समितिले समुदायका सबै क्षेत्र र वर्गको समेत प्रतिनिधित्व हुने गरी एक बृहत् कार्यशालाको आयोजना गरी योजनाको अन्तिम मस्यौदा तयार गरियो ।

## १.६ योजना कार्यान्वयन रणनीति :

- यस योजनालाई अनुमोदन गरी वैधानिकता दिनका लागि कार्यपालिकाको भेला वा परिषद्मा छलफल गरिनेछ ।
- स्थानीयस्तरका दक्ष तालिमप्राप्त जनशक्ति परिचालन गर्दै विपद् व्यवस्थापनका लागि स्थानीय समुदाय समेतको सहभागिता गराई उनीहरूको क्षमतामा विकास गरिने छ ।
- स्थानीयस्तरको परम्परागत सीप, कलाकौशल, तथा क्षमतालाई उजागर गरी विपद् व्यवस्थापनका लागि प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ ।
- योजनाको प्रभावकारि कार्यान्वयन भए नभएको अनुगमन तथा मूल्यांकनका मा लागि स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिलाई परिचालित गराइने छ ।
- प्रत्येक वर्ष यस योजनाको पुनरावलोकन गरी वार्षिक योजना तयार पारिने छ र पाँच वर्षमा योजनाको वृहत् पुनरावलोकन गरी अद्यावधिक गरिने छ ।

## १.७ योजनाको अनुगमन, मूल्याङ्कन तथा पुनरावलोकन :

- यस योजना कार्यान्वयनको लागि स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिले नियमित रुपमा अनुगमन तथा मूल्याङ्कन गर्नेछ ।
- योजना कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्दा, वडा अर्न्तगत सञ्चालित कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कनका लागि तयार गरीएका सूचक बमोजिम अनुगमन तथा मुल्याङ्कन गर्नुपर्ने छ ।
- गाउँपालिकाले यस योजनाको पुनरावलोकन तथा समिक्षा प्रत्येक वर्षमा गर्ने छ । साथै उक्त योजनालाई प्रभावकारी वनाउन प्रत्येक ५ वर्षमा वृहत् पुनरावलोकन गरी अद्यावधिक गरिने छ ।

## खण्ड - २ : गाउँपालिकाको परिचय

डोटी जिल्ला नेपालको पाहाडी जिल्लाहरु मध्ये एक हो। डोटी जिल्लाको १ वटा निर्वाचन क्षेत्र मध्ये ख नक्बरमा अवस्थित बोगटान फुड्सिल गाउँपालिका सदरमुकामबाट ७७ किलो मिटरको दूरीमा पर्दछ भने ५ घण्टाको पैदल यात्रामा पुगिन्छ भने यो पालिका जिल्लाको दक्षिणी भागमा पर्दछ। यो स्थान समुन्द्री सतहबाट १४४७ मिटर उचाइमा रहेको भिरालो तथा ग्रमिण क्षेत्र हो।

## २.१ भौगोलिक अवस्था

भौगोलिक हिसावले विश्व मानचित्रमा यो जिल्ला समुद्री सतह.देखि २९ं ४'२० उत्तरी अक्षांश सम्म र ८१ं २'४५ पूर्वी देशान्तरसम्मको क्षेत्रफलमा फैलिएको छ। समुन्द्री सतहदेखि बढीमा १४४७ मिटरको उचाइमा रहेको यस गाउँपालिकाको क्षेत्रफल ३००.२२ बर्ग किलोमीटर रहेको छ। यस पालिकामा औषत उष्ण तथा सुख्खा हावापानी पाइन्छ। उर्वराभूमि भएको यस पालिकाको प्रमुख कृषिबालीमा धान, मकै, गहुँ, कोदो आदि पर्दछन्।

### २.२ विपद तथा सामाजिक अवस्था

डोटी जिल्ला विपद जोखिमको दृष्टिले हेर्दा मध्यम जोखिमयुक्त रहेको छ। यस जिल्लाको बोगटान फुड्सिल गाउँपालिका पनि जोखिमयुक्त छ। यस वडामा खडेरी, हावाहुरी, आगलागी, रोगव्याधी, वन्यजन्तु आतंक, असिना भूकम्प जस्ता प्रकोप रहेका छन्। हरेक बस्ती स्तरबाट सङ्कटासन्नता, क्षमता विश्लेषणका औजारहरुको प्रयोग गरी सूचना संकलन गरिएको छ। जोडी बिधि तुलनाबाट प्रकोपहरुको प्राथमिकताका निर्धारण गरिएको छ र ती प्रकोपहरुले यस वडामा जोखिम निम्त्याउन सक्ने अवस्था देखिन्छ।

यस गाउँपालिकामा मुख्यतया: क्षेत्री हरुको बाहुल्यता रहेको छ। यसका साथै यहाँ बसोबास गर्ने मानिसहरु मुख्य गरी दलित, ब्राह्मण, क्षेत्री र जनजातीका जातका मानिसहरु बसोबास रहेकाले हिन्दु धर्मावलम्वीहरुको बाहुल्यता रहेको छ। यहाँको कूल जनसंख्या १८९४४ रहेको छ।

| क्र.स. | दलित | जनजाति | मधेशी | मुस्लिम | ब्राह्मण/क्षेत्री | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | ३९४० | ८६७ | ० | ० | १४१३७ | ९३४७ | ९५९५ | १८९४४ |

## २.३ शैक्षिक अवस्था

यस गाउँपालिका ९ वटा मा.वि. र ३२ वटा आधारभूत विद्यालयहरु गरी जम्मा ४१ वटा विद्यालयहरु रहेका छन्। यहाँको साक्षरता ....... % रहेको छ भने महिला साक्षरता ...... % र पुरुष साक्षरता .... % रहेको छ।

## २.४ आर्थिक तथा मानवीय अवस्था

कुनै पनि ठाउँको आर्थिक अवस्था त्यहाँ बसोबास गर्ने व्यक्तिहरुको पेशाले निर्धारण गर्दछ । त्यस्तै यस वडामा मानिसहरु मुख्य रुपले कृषि तथा पशुपालनमा निर्भर रहेका छन् र केही मानिसहरु नोकरी लगायत अन्य सानातिना व्यापार व्यवसायमा पनि संलग्न रहेका छन् । कृषि क्षेत्रको कुरा गर्दा विशेष गरी यहाँ धान, मकै, गहुँ तथा नगदेबालीहरुको खेती गरिएको पाइन्छ । त्यसै गरी पशुपंछीपालन तर्फ कुखुरा, गाई, भैंसी र बाख्रा, पालन पनि गरिएको पाइन्छ । यसका अतिरिक्त यहाँका अधिकांश युवा जनशक्ति वैदेशिक रोजगारमा संलग्न छन् र यसबाट प्राप्त हुने विप्रेशण पनि यहाँको आर्थिक स्रोतको रुपमा रहहेको छ। यस वडाको कृषि उत्पादकत्व राम्रो रहेता पनि केही भेगमा भने सिंचाइ अभाव तथा युवा जनशक्तिको विदेशिने क्रमको कारण जनशक्ति अभावमा कृषि उत्पादकत्व र व्यापार व्यवसायको विकास र बिस्तरमा  कमी रहेको पाइयो ।

## २.५ प्राकृतिक श्रोतको अवस्था

बोगटान फुड्सिल गाउँपालिका प्राकृतिक स्रोत तथा सम्पदाको हिसाबले धनी नै रहेको पाइन्छ। यहाँ सामुदायिक वन, पानीको मुहान, खोलाहरु साथै सानातिना खोल्सीहरु थुप्रै रहेका छन् । यहाँको वनमा विभिन्न जातका वनस्पति तथा वन्यजन्तुहरुको रहेको पाइन्छ । त्यस्तै बाँदर, खरायो, च्याखुरा, स्याल, वन बिरालो, न्याउरी मुसा, लोखर्के, ढुकुर, मैना, सुगा लगायतका जीवजन्तुहरु तथा पशुपंक्षीहरु पाइन्छन् ।

## २.६ सामुदायिक विकास

समग्र समुदायको सर्वाङ्गीण विकास नै सामुदायिक विकास हो भन्ने बुझिन्छ । यस गाउँपालिका कार्यालयले विकासको गतिविधिहरूमा सहयोग गर्दै आएको छ । यसका अलावा यस गाउँपालिकामा विद्यालय, स्वास्थ्य चौकी, प्रहरी चौकी, आमा समूह, युवा क्लब, सहकारी, सामुदायिक वन उपभोक्ता समुह, कृषी समुह आदि सञ्चालनमा छन् । समुदायको प्रत्यक्ष संलग्नता रहेको र समुदायलाई नै प्रत्यक्ष सेवा दिने यी सामुदायिक संस्था तथा निकायहरुको भुमिका विपद् उत्थानशील समुदाय निर्माण गर्नमा पनि महत्वपूण रहेको हुन्छ ।

# खण्ड – २

## प्रकोप, सङ्कटासन्नता, क्षमता र जोखिम विश्लेषण

### २.१ ऐतिहासिक समय रेखा

स्थानीय बासिन्दाहरुका अनुसार हरेक वर्षायाममा पहिरोले निकै दुःख दिने गरेको छ। बाढीले जनधन, खेतीयोग्य जमिन र पशुचौपायामा ठूलो क्षति पुऱ्याउने गरेको छ। त्यसैले पहिरो र बाढी यहाँको मूख्य प्रकोप रहेको छ र यसले पछिल्लो समय यहाँको जनजीवनलाई कष्टकर बनाउँदै लगेको छ। कृषकको वर्ष भरिको मेहनतलाई बाँदर, बदेल, दुम्सी आक्रमणले स्वाहा बनाउने गरेको छ र बेला-बेलामा मौसम परिवर्तन हुदाँ हावहररी, असिनापानी, खडेरी जस्ता प्रकोपले यस पालिकामा जनजीवन कष्टकर बनाउनुका साथै कृषि उब्जनी र पशुचौपायामा समेत क्षति पुऱ्याउने गरेको पाइन्छ।

**गाउँपालिकाको विपद्का घटनाहरुको ऐतिहासिक विवरण**

| विपद् | मिति | स्थान | क्षति | | | | | सूचना पुष्ट्याइँको विधि |
|---|---|---|---|---|---|---|---|---|
| | | | भौतिक | सामाजिक | आर्थिक | मानवीय | प्राकृतिक | |
| पहिरो | २०६६ साल | मौडा | ३ घर बगाएको, धान र मकै बालीमा नष्ट। | ऋण निकालेर घर बनाउनु पर्ने स्थानीय बजारबाट किनी खानुपर्ने, | ५ लाख बराबर क्षती | नभएको | नभएको। | VCA |
| पहिरो | २०७९ साल | चालिस | २ घरमा क्षती | ऋण निकालेर घर बनाउनु पर्ने। | २५ लाख बराबर को क्षती। | नभएको | घर नजिक पानीको मुहान सुकेको | VCA |
| पहिरो | २०७६ | डौडा | १ घरमा क्षती | जिवन अस्तव्यस्त बिदेशीनु पर्ने। | १२ लाख बराबर क्षती। | नभएको | नभएको। | VCA |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| पहिरो | २०७४ | डौडा | २ घरमा क्षती | जिवन अस्तव्यस्त बिदेशीनु पर्ने । | २३ लाख बराबर क्षती । | नभएको | नभएको । | VCA |
| पहिरो | २०७३ | जजला | १ घरमा क्षती | जिवन अस्तव्यस्त बिदेशीनु पर्ने । | ८ लाख बराबर क्षती । | नभएको | नभएको । | VCA |
| पहिरो | २०७८ | र्धिकामाण्डौ उपल्लो गाँउ | ४ घरमा क्षती | जिवन अस्तव्यस्त बिदेशीनु पर्ने । | २८ लाख बराबर क्षती | २ जनाको मृत्यु १ जना घाईते | नभएको । | VCA |
| पहिरो | २०४० | जजला | ३ घरामा क्षती | जिवन अस्तव्यस्त बिदेशीनु पर्ने । | ३२ लाख बराबर क्षती | नभएको । | नभएको । | VCA |
| पहिरो | २०४० | डुमरी | ३ घरामा क्षती | जिवन अस्तव्यस्त बिदेशीनु पर्ने । | ३९ लाख बराबर क्षती | ३ जनाको मृत्यु । | नभएको । | VCA |
| पहिरो | २०४० | गोगुडा | १ बस्ती बिस्थापित, ४ घर पूर्ण रुपले क्षती | जिवन अस्तव्यस्त , बसाईसराई बिदेशीनु पर्ने । | ४५ करोड बराबरको क्षती | १० जनाको मृत्यु । | नभएको । | VCA |
| पहिरो | २०४० | चनकाडा | ५ घरमा क्षती | जिवन अस्तव्यस्त | ४७ लाख बराबर क्षती | नभएको | नभएको । | VCA |
| पहिरो | २०७८ | बिठारी गाँउ | १ घर पूर्ण रुपले क्षती | जिवन अस्तव्यस्त बिदेशीनु पर्ने । | ७ लाख बराबर क्षती | नभएको | नभएको । | VCA |
| पहिरो | २०४० | अमतोडा | १ घर पूर्ण रुपले क्षती | जिवन अस्तव्यस्त बिदेशीनु पर्ने । | ९ लाख बराबर क्षती | १ जनाको मृत्यु । | नभएको । | VCA |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| पहिरो | २०७८ | दाच्का | ६ बाखा को मृत्यु । | बाखा किन्न ऋृण लागेको । | ८० हजारको क्षती । | नभएको । | नभएको । | VCA |
| पहिरो | २०५७ | चनकाडा | नभएको । | जिवन अस्तव्यस्त | नभएको । | १ जनाको मृत्यु । | | VCA |
| बाढी | २०५३ | खुल्लेखेत | ७ बिघा जमिनमा लगाएको धान र मकै बाली नष्ट । | स्थानीय बजारबाट किनी खानुपर्ने, | २१ लाख बराबर को क्षती | नभएको । | ढुङ्गा तथा बालुवामा क्षती | VCA |
| बाढी | २०७८ | गलगाड | सामाजिक अस्तव्यस्त | नभएको । | नभएको । | १ जनाको मृत्यु । | नभएको । | VCA |
| बाढी | २०४० | गलगाड | ३ रोपनीमा लगाएको घान बालीमा क्षती । | स्थानीय बजारबाट किनी खानुपर्ने, | १ लाख बराबर को क्षती | नभएको । | नभएको । | VCA |
| बाढी | २०५४ | किपला | १ घर बगाएको १ रोपनी जमिनमा लगाएको धान तथा मकै बालीमा क्षती । | जिवन अस्तव्यस्त घर बनाउन ऋृण लागेको । | २ लाख बराबर को क्षती । | नभएको । | नभएको । | VCA |
| बाढी | २०७१ | जोराघाट | नभएको । | जिवन अस्तव्यस्त | नभएको । | १ जनाको मृत्यु । | नभएको । | VCA |
| बाढी | २०४० | लामकोला, सातफरी | ७ रोपनीमा लगाएको धान बाली वूर्ण रुपले नष्ट । | स्थानीय बजारबाट किनी खानुपर्ने, | २१ लाख बराबर को क्षती | नभएको । | ढुङ्गा तथा बालुवामा क्षती | VCA |
| बाढी | २०६१ | कचला | नभएको । | जिवन अस्तव्यस्त | नभएको । | १ जनाको मृत्यु । | नभएको । | VCA |
| बाढी | २०५४ | पातल खेत | नभएको । | जिवन अस्तव्यस्त | नभएको । | १ जनाको मृत्यु र १ | नभएको । | VCA |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | जना घाईते । | | |
| बाढी | २०७६ | पलाडी | नभएको । | जिवन अस्तव्यस्त | नभएको । | १ जनाको मृत्यु । | नभएको । | VCA |
| बाढी | २०७६ | चनकाडा | ३ कुलामा क्षती, ७ रोपनीमा लगाएको धान बालीमा नष्ट । | स्थानीय बजारबाट किनी खानुपर्ने, | २१ लाख बराबर को क्षती | नभएको । | नभएको । | VCA |
| बाढी | २०७८ | चनकाडा | ३ खानेपानी मुहानमा क्षती, १ घर पूर्ण क्षती, ३ आशिंक क्षती । | जिवन अस्तव्यस्त | ८० हजारको क्षती । | नभएको । | नभएको । | VCA |
| महामारी | २०६२ | किपला | नभएको । | जिवन अस्तव्यस्त, त्रास उत्पन्न | नभएको । | १ जनाको मृत्यु | नभएको । | VCA |
| महामारी | २०५९ | ईनडा, ल्याटी | नभएको । | जिवन अस्तव्यस्त, त्रास उत्पन्न | नभएको । | ३ जनाको मृत्यु | नभएको । | VCA |
| महामारी | २०५१ | धिकामनण्डौ | नभएको । | जिवन अस्तव्यस्त, त्रास उत्पन्न | नभएको । | ३ जनाको मृत्यु | नभएको । | VCA |
| महामारी | २०४८ | पलाडी | नभएको । | जिवन अस्तव्यस्त, त्रास उत्पन्न | नभएको । | ३ जनाको मृत्यु | नभएको । | VCA |
| हावाहुरी | २०६८ | कानाचौर | १ विद्यालय ७ घरको छाना उडाएको । | पठनपाठनमा अवरोध | १० लाख बराबरको क्षती | नभएको | नभएको | VCA |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| हावाहुरी | २०५१ | डुमरी | ८ घरको छाना उडाएको । | बसोबासमा अबरोध | १० लाख बराबरको क्षती | नभएको | नभएको | VCA |
| हावाहुरी | २०७९ | चनकाडा | ४ घरको छाना, विद्यालयको पिपलको बोटले २ कोठे भवनमा र १ चमेना गृहको छाना उडाएको । | बसोबासमा अबरोध | १० लाख बराबरको क्षती | नभएको | नभएको | VCA |
| हावाहुरी | २०६८ | चनकाडा | आर्युबेदिक भवनर ४ घरका छाना उडाएको । | बसोबासमा अबरोध, उपचारमा कठिनाई | १३ लाख बराबरको क्षती | नभएको | नभएको | VCA |
| चट्याङ | २०७१ | सुन्तडी | नभएको । | १ लाख बराबरको क्षती | २ जानाको मृत्यु , १० बाख्राको मृत्यु । | नभएको | नभएको | VCA |
| चट्याङ | २०६६ | चनकाडा | नभएको | २० हजार बराबरको क्षती | २ गोरुको मृत्यु । | नभएको | नभएको | VCA |
| चट्याङ | २०५४ | चनकाडा | नभएको | २० हजार बराबरको क्षती | २ गोरुको मृत्यु । | नभएको | नभएको | VCA |
| सडक दुर्घटना | २०७७ | चनकाडा | नभएको | | १ जना घाईते | नभएको | नभएको | VCA |
| सडक दुर्घटना | २०७८ | चनकाडा | नभएको | २० लाख बराबर गाडीमा क्षती | ४ जनाको मत्यु १ जना घाईते | नभएको | नभएको | VCA |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सडक दुर्घटना | २०७९ | चनकाडा | नभएको | २० लाख बराबर गाडीमा क्षती | १ जनाको मत्यु ३ जना घाईते | नभएको | नभएको | VCA |
| असिना पानी | बर्षेनी | गाँउपालिका | घरहरुका छानामा क्षती, अन्नबाली तथा नगदेबाली फलफुलमा क्षती | १ करोड बराबर क्षती हुने गरेको | नभएको | नभएको | जंगलमा क्षती । | VCA |
| खडेरी | बर्षेनी | गाँउपालिका | अन्नबाली तथा नगदेबाली फलफुलमा क्षती | १ करोड बराबर क्षती हुने गरेको | नभएको | नभएको | जंगलमा क्षती । | VCA |
| जज आतंक | बर्षेनी | गाँउपालिका | अन्नबाली तथा नगदेबाली फलफुलमा क्षती | २ करोड बराबर क्षती हुने गरेको | नभएको | नभएको | जंगलमा क्षती । | VCA |
| आगलागी | बर्षेनी | गाँउपालिका | नभएको | २ करोड बराबर क्षती हुने गरेको | नभएको | नभएको | जंगल तथा जडीबुटीमा क्षती । | VCA |
| रोगकिरा | बर्षेनी | गाँउपालिका | अन्नबाली तथा नगदेबाली फलफुलमा क्षती | २ करोड बराबर क्षती हुने गरेको | नभएको | नभएको | नभएको । | VCA |

## २.२ प्रकोप स्तरीकरण

समुदायमा विगतमा घटेका र भविष्यमा आइपर्नसक्ने प्रकोप तथा जलवायु परिवर्तन र यसबाट उत्पन्न हुनसक्ने प्रकोपजन्य घटना र जनधनको क्षतिका आधारमा प्रकोपको सूची तयार गरी त्यस प्रकोपले गरेको क्षतिको आधारमा यस प्रकोपको स्तरीकरण गरिएको छ। समुदाय र वडा तहको अलग-अलग सूचीलाई एकीकृत गरेर यस बोगटान फुड्सिल गाउँपालिकाभित्र हुने प्रकोपको सूची र स्तरीकरण गर्न निम्न बमोजिमको तालिका प्रकोपको स्तरीकरण गरिएको छ।

| प्रकोप | पहिरो | बाढी | आगलागी | हुरीबतास | महामारी | भूकम्प | असिनापानी | खडेरी | रोगकिरा | चट्याङ | जनावर आतङ्क | सडक दुर्घटना |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | पहिरो | पहिरो | पहिरो | पहिरो | भूकम्प | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो |
| बाढी | | | बाढी | बाढी | बाढी | भूकम्प | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी |
| आगलागी | | | | हुरीबतास | महामारी | भूकम्प | असिनापानी | खडेरी | रोगकिरा | चट्याङ | जनावर आतङ्क | आगलागी |
| हुरीबतास | | | | | महामारी | भूकम्प | हुरीबतास | खडेरी | हुरीबतास | हुरीबतास | हुरीबतास | हुरीबतास |
| महामारी | | | | | | भूकम्प | महामारी | महामारी | महामारी | महामारी | महामारी | महामारी |
| भूकम्प | | | | | | | भूकम्प | भूकम्प | भूकम्प | भूकम्प | भूकम्प | भूकम्प |
| असिनापानी | | | | | | | | खहेरी | रोगकिरा | चट्याङ | जनावर आतङ्क | असिनापानी |
| खडेरी | | | | | | | | | खडेरी | खडेरी | खडेरी | खडेरी |
| रोगकिरा | | | | | | | | | | रोगकिरा | रोगकिरा | रोगकिरा |
| चट्याङ | | | | | | | | | | | चट्याङ | चट्याङ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **जनावर आतङ्क** | | | | | | | | | | | | **जनावर आतङ्क** |
| **सडक दुर्घटना** | | | | | | | | | | | | |
| **जम्मा अङ्क** | १० | ९ | १ | ६ | ८ | ११ | २ | ७ | ५ | ४ | ३ | ० |
| **स्तर** | **दोस्रो** | **तेस्रो** | **एघारौ** | **छटौ** | **चैथो** | **पहिलो** | **दशैं** | **पाँचौ** | **सातौ** | **आठौ** | **नबौं** | **अन्तिम** |

**नोट : नेपाल भूकम्पको उच्च जोखिममा रहेको मुलुक हुँदा प्रकोप स्तरीकरण गर्दा भूकम्पलाई तुलना पहिलो राखिएको :**

समुदायमा प्रकोपको प्रभाव वा असरको विश्लेषण प्रकोपले पारेको क्षति, पारेको क्षेत्र, प्रकोपको बारम्बारता तथा भविष्यमा दोहोरिने सम्भावना, प्रकोपको तिव्रता र विस्तारवाट यस वडा तहमा हुने क्षतिको स्तर र प्रकोपले पार्ने जनसंख्यालाई आधार मानेर हेर्दा यस पालिकाको प्रमूख प्रकोपको रुपमा नेपाल भूकम्पको उच्च जोखिममा रहेको मुलुक हुँदा प्रकोप स्तरीकरण गर्दा भूकम्पलाई तुलनामा नराखी पहिलो नम्बरको प्रकोपको रुपमा प्राथमिकतामा राखी योजना तर्जुमा गरिएको छ । त्यसैगरी दोश्रोमा पहिरो तेश्रो बाढी चौथो माहामारी पाँचौ खडेरी, छैटौ हुरीबतास, सातौंमा रोगकिरा, आठौमा चट्याङ्ग नवौमा ज.ज आतंक दशौंमा आगलागी र एघारौंमा सडक दुर्घटना रहेको छ ।

## २.२.१ प्रकोप विश्लेषण

यस बोगटान फुड्सिल गाउँपालिकामा विपद् तथा जलवायु परिवर्तन सम्बन्धी विद्यमान समस्याको उत्पत्ति, त्यसको कारण र प्रभाव विश्लेषण गर्दा भूकम्प, बाढी,माहामारी, खडेरी, हावहुरी,रोगकिरा चट्याङ्ग लगायतको रहेको पाइएको छ। स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तयारी गोष्ठीमा सहभागीहरुको छलफल मार्फत विश्लेषण गरिएको छ।

बोगटान फुड्सिल गाउँपालिकाका पहिरो, बाढी,माहामारी, चट्याङ्गका कारणले गर्दा मानिसहरुको मृत्यु, घाइते, सयौं रोपनी जग्गा जमिन पुरिने, बाटाघाटा, कूलो, पुल, वनजंगल, विद्यालय आदि जस्ता भौतिक पूर्वाधारहरुको क्षति जस्ता समस्याहरु निम्त्याइरहेको छ । जसको फलस्वरुप बहुसख्यक मानिसहरुको जीविकोपार्जनमा नकारात्मक असर परिरहेको छ । साथै विभिन्न पूर्वाधारहरुको क्षतिका कारण वडाको विकासमा नकारात्मक असर परेको छ । त्यस्तै विगतका वर्षहरुमा समय समयमा देखिएका बाढी, पहिरो,महामारी, हरुले मानिसहरुको मृत्यु समेत निम्त्याइसकेको छ । खडेरीले अन्नबालीमा प्रत्यक्ष असर गरी अन्न उत्पादनमा कमी ल्याई धेरै मानिसहरु जीविकोपार्जनका वैकल्पिक उपायको खोजिमा छन् ।

यस पालिकाको मुख्य प्रकोप, जोखिममा रहेका तत्वहरु, प्रकोपको प्रभाव र जोखिममा रहेका तत्वहरु प्रभाबित हुनुका कारण समग्रमा निम्न बमोजिम देखाउन सकिन्छ साथै यस वडाको प्रकोप जोखिम विश्लेषण निम्न अनुसार गरिएको छ।

| क्र. सं. | प्रकोप | मुख्य कारण | कारक तत्व | प्रभाव | जोखिम न्यूनीकरणका लागि पहिचान भएका उपाय |
|---|---|---|---|---|---|
| १ | पहिरो | • कमजोर भुवनोट<br>• वन बिनास<br>• खुल्ला चरिचरन<br>• सडक निमार्ण | • वन फँडानी र आगालागि र वनविनाश<br>• जथाभावी सडक निर्माण<br>• अतिवृष्टिपानीको मात्रा कम हुनु (खण्ड वृष्टि)<br>• खानी संचालन गर्ने (ढुंगा खानी)भुक्षयजनचेतनाको कमि भिरालो जमिन अनियन्त्रित भल बाढी | • बाटो, सडक भत्किएको<br>• विस्थापनको जोखिम बढेको जङ्गल विनाश<br>• खानेपानीको मुहानमा क्षतिबालीनालीको नाश भएकोमानविय क्षति<br>• वन्यजन्तुको लोप भएको<br>• खेतीयोग्य भुमिमा क्षति पुगेको उत्पादनमा ह्रास । | • बृक्षारोपण<br>• नियमित चरिचरण रोक<br>• ढुङ्गगा खानि वन्द गर्ने तारजाली लगाउने बायो (इन्जिनियरिंग<br>• भल नियन्त्रण<br>• अव्यवस्थित सडक निर्माणमा रोक जनचेतना कार्यक्रम |
| २ | बाढी | • कमजोर भुवनोट | • वन फँडानी र आगालागि र वनविनाश | • बाटो, सडक भत्किएको | • बृक्षारोपण<br>• नियमित चरिचरण रोक |

| | | | | | |
|---|---|---|---|---|---|
| | | • अत्याधिक पानी पर्नु । | • जथाभावी सडक निर्माण<br>• अतिवृष्टिपानीको मात्रा कम हुनु (खण्ड वृष्टि) | • विस्थापनको जोखिम बढेको जङ्गल विनाश<br>• खानेपानीको मुहानमा क्षतिबालीनालीको नाश भएकोमानविय क्षति । | • ढुङ्गा खानि वन्द गर्ने तारजाली लगाउने बायो (इन्जिनियरिंग<br>• भल नियन्त्रण<br>• अव्यवस्थित सडक निर्माणमा रोक जनचेतना कार्यक्रम |
| ३ | जङ्गली जनावरको आतंक | वनमा आहाराको अभाव हुनु | • वनजंगल नजिक भएकोले वासस्थानको अभाव भएकोले वनमा रहेका पिउने पानीका श्रोत सुकेर पिउने पानीको अभाव भएकाले<br>• वनमा मांसाहारी ठूला जनावरहरु जस्तै बाघ, चितुवा लोप भएकाले | • खेतीबाली तथा फलफुल खेतीमा नोक्सान पुगेको<br>• आक्रमणमा परी घाईते हुने<br>• केही गर्दा पनि केहि सिप नलागेपछि कतिपय ठाउँमा बस्ति नै विस्थापित भएको<br>• घाँसपातका हाँगा लाछि पशुपालनमा धक्का पुऱ्याएको | • खेतबारी वरपर जङ्गल नबढाउने<br>• वन जङ्गल संरक्षण गर्ने<br>• वन्य आहारको संरक्षण गर्ने<br>• बाँदरले नखाने खालको बालीको प्रवर्द्धन गर्ने । |
| ४ | रोगकिरा | रासायनिक मलको बढी प्रयोग<br>पर्याप्त सिञ्चाई नहुनु | लामो समयसम्म खडेरी पर्नु | • अन्नबाली तथा फलफुल उत्पादनमा कमी आउनु<br>खाद्यन्नमा अभाव | • किरा मार्ने तथा भगाउने जैविब विषदीको प्रयोग<br>सिञ्चाईको व्यवस्था |
| ५ | खडेरी | • बर्षा नभएर<br>• पानीका मुहान सुकेर | • विश्वव्यापी तापमान बृद्धि, जलवायु परिवर्तन<br>• वन विनाशआगालागि | • पिउने पानीको अभाव<br>मानिस तथा पशुमा रोग फैलीएको घाँस दाउराको अभाव भएकोबोटबिरुवा मरेको खेतीबालीको नाश उत्पादनमा ह्रासमाटोको पानी सोस्ने गुणमा ह्रास आउनाले | • बृक्षारोपणखेर गैरहेका जलश्रोतको संरक्षणरुखबिरुवाको संरक्षणथोपा सिँचाई, प्लास्टिक पोखरी, वर्षे पानी सङ्कलन गरी सिँचाई आदि पानी किफायति सिँचाई प्रणालीको प्रवर्द्धन जस्तै, सिधै पानी त्यत्तिकै छोड्ने भन्दा स्प्रिड्कलर बाट सिँचाई गर्ने<br>सुख्खा सहन सक्ने बालीको प्रबर्द्धन गर्ने जस्तै, धानमा सुख्खा ३, २ आदि धानका |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | प्रजाति, गहुँको ठाउँमा जौ रोप्नेप्राङ्गारिक मलको प्रयोग बढाउने । |
| ६ | हुरीबतास | मौसम परीवर्तन | • हावा छेक्ने प्रविधि तथा ज्ञानको कमी<br>• जलवायु परिवर्तनका कारण देखिएको अस्वाभाविक तापक्रमको अन्तर<br>• कमजोर भौतिक संरचनाहरु जस्तै कच्ची छानाहरु | • वनजंगल, पशुपंक्षी, अन्नबाली र मानवीयक्षति<br>• सुख्खा जमिनमा धुलो उडाएर भ-क्षय गर्ने<br>• विभिन्न रोगव्याधि फैलाउनेघाँसका हाँगाहरु लाछ्ने, पशुपालनमा क्षति पुऱ्याउनेरुख र हाँगाहरु भाँचेर वन पैदावारमा क्षति पुऱ्याउने, बिद्युतको तार चुँडाउने, पोल भाँच्ने | • वनधन लगाउने<br>• प्रभावलाई मापन गरी नियन्त्रणका काम गर्नुपर्ने<br>• हुरीबतासले असर नगर्ने होचा बालीनाली लगाउने<br>• हुरीबतास चल्ने र्मासममा व्यक्तिगत सजगता अपनाउने |
| ७ | महामारी | फोहोर र दुषित वातावरण | • वातावरण दुषित हुनाले<br>• सरसफाई नहुनाले<br>• गरीबी र अशिक्षाको कारणले<br>• बिषादी जन्य खाद्यवस्तुको उपयोगले<br>• हावापानीमा आएको बदलावले<br>• प्रदुषित पानी पिउनाले<br>• शौचालयको उचित व्यवस्था नहुनाले<br>• सिनो व्यवस्थित तरिकाले नगाड्नाले | • मानवीय क्षति<br>• गरीब झन् गरीब हुदै जाने | • वातावरणीय सरसफाई र स्वच्छता कायम गर्ने<br>• जनचेतना फैलाउने<br>• खाद्यवस्तुमा विषादीको प्रयोग कम गर्ने<br>• स्वास्थ्य संस्थाको क्षमता अभिबृद्धि गर्ने<br>• सहकारीहरूले सदस्यहरुलाई आर्थिक सहयोग गर्ने व्यवस्था गर्ने<br>• पानी शुद्धिकरण विधिहरुको प्रचार प्रसार र उपयोग गर्ने<br>• शौचालयको उचित व्यवस्था गर्ने , बाक्लो बस्ति भएको ठाउँमा सार्वजनिक शौचालय वनाउनुपर्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | ● सिनो व्यवस्थित तरिकाले बस्ति भन्दा टाढा फाल्ने प्रवनध गर्ने<br>● गर्मी समयमा झुलको प्रयोगलाई बढावा दिने |
| ८ | चट्याङ | मौसम परिवर्तन | ● अग्लो डाँडामा घर निर्माण गर्नाले<br>● बिजुलीको तारहरु खुल्ला राख्नाले,अर्थिङ्ग नगर्नाले | ● मानविय क्षति<br>● आर्थिक क्षति<br>● भौतिक क्षति<br>● प्राकृतिक क्षति | ● अग्लो डाँडामा घर नवनाउने<br>● बिजुलीको तारहरु खुल्ला नछोड्ने<br>● अर्थिङग् जडान गर्ने |
| ९ | असिना पानी | मौसम परिवर्तन | ● मौसम अनुसारको खेती नगर्नाले | ● अन्नबालीको क्षति<br>● फलफुलको क्षति<br>● खाद्यन्नको कमी | ● आधुनिक खेतीप्रणाली अपनाउने<br>● बाली बिमा गर्ने |
| १० | आगालागि | मानविय हेलचेक्र्याईं | ● मानिसमा चेतनाको कमि भएकाले<br>● घरको संरचना आगो प्रतिरोधी नहुनाले<br>● जथाभावी चुरोटको ठुटो फ्याँक्ने गर्नाले<br>● साना बच्चालाई लाइटरतथा सलाई दिनाले<br>● खेति विस्तार गर्नाले | ● जंगली जनावरको लोप भएको<br>● घरको सम्पुर्ण सम्पत्तिको नाश भएको<br>● वन क्षेत्रको क्षति<br>● खडेरी<br>● अमूल्य वनस्पतिको नाश<br>● पहिरो, भु-क्षय, पानीका मुहानहरु सुक्ने<br>● हरित गृह ग्याँस उत्सर्जन<br>● तुवाँलो लाग्ने, विभिन्न रोगहरु देखा परि असर गरेको | ● चेतनाको विकास गर्नुपर्ने<br>● घरमा प्रज्जवलनशील पदार्थ व्यवस्थित तरिकाले राख्नुपर्ने<br>● बच्चाहरुले छुन नसक्ने गरी आगो पैदा हुने वस्तु टाढा राख्ने<br>● बिद्युत शर्ट सर्किट भए नभएको परीक्षण गर्ने<br>● अग्नि नियन्त्रण तालिमको व्यवस्था गर्ने<br>● जङ्गलमा अग्नि नियन्त्रण रेखाको निर्माण गर्ने |

## २.३ प्रकोप, मौसम र वाली पात्रो

### २.३.१ प्रकोप पात्रो

सबै प्रकोपहरुको बारम्बारता र क्षतिको मात्राको क्रम पहिलेभन्दा अहिले बढ्दो क्रममा रहेको छ भने केही प्रकोपहरु पहिले र अहिले समय उस्तै भएपनी वाढी, हावाहुरी, आगालागी, चट्याङ, असिना र भूकम्प जस्ता जलवायुजन्य प्रकोपहरुको घटना पहिलेभन्दा बढी र लामो समय लम्बिएको महशुस गरिएको छ जसलाई जलवायु परिवर्तनसँग जोडेर हेर्न सकिन्छ। तलको प्रकोप पात्रोले यस गाउँपालिकामा रहेका प्रकोपहरु र तिनको विद्यमानतालाई अहिले र ३० वर्ष अगाडिको समयसँग तुलना गरेको छ।

संकेत

| | |
|---|---|
| (पहेंलो) | उच्च प्रभाव |
| (बैजनी) | मध्यम प्रभाव |
| (हल्का निलो) | न्युन प्रभाव |

### २.३.२ मौसमी पात्रो

स्थानीय समुदायको अनुभवमा गाउँपालिका महशुस गर्न सकिने गरी वर्षाको समयमा अन्तर आएको छ। पहिले लामो समय आउने र अहिले छाटो तर वर्षाको उच्चतामा भने वृद्धि भएको छ। पानी पर्ने समय उही भएता पनि कुनै वर्ष पानी धेरै पर्ने त कुनै वर्ष पानी अति कम पर्ने अनुभव पछिल्लो समय गरिएको छ। त्यस्तै पछिल्लो समय हिउँदे वर्षा नै नहुने, भए पनि निकै कम हुने गरेको छ। गर्मी र जाडोको समयमा भने प्रष्ट फरक परेको छ। गर्मीको अवधि तन्किँदै गएको छ भने जाडोको अवधि छोट्टिँदै गएको छ। त्यस्तै असिना शितलहर पर्ने सम्भावना हुने समय पनि लम्बिँदै गएको छ। पहिला कार्त्तिक, मंसिर र फागुनमा पर्ने असिनापानी, अचेल बैशाख, जेठ र असारमा पनि पर्ने गरेको छ। यद्यपि ठ्याक्कै यही समय असिना पर्छ भनेर निश्चित गर्न सकिने अवस्था रहेको छैन। उसैगरी, हुरीबतास र चट्याङ जस्ता प्रकोपहरु पनि अनिश्चित वनेका छन्।

| मौषम | ३० वर्ष | वैशाख | | | | जेठ | | | | असार | | | | साउन | | | | भदौ | | | | असोज | | | | कात्तिक | | | | मंसीर | | | | पुष | | | | माघ | | | | फागुन | | | | चैत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ |
| मनसुनी वर्षा | पहिले | | | | | | | | उच्च | उच्च | उच्च | उच्च | उच्च | उच्च | मध्यम | मध्यम | मध्यम | मध्यम | न्युन | न्युन | न्युन | न्युन | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | उच्च | उच्च | उच्च | उच्च | उच्च | उच्च | उच्च | मध्यम | मध्यम | मध्यम | न्युन | न्युन | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | उच्च | उच्च | उच्च | उच्च | उच्च | मध्यम | मध्यम | मध्यम | न्युन | न्युन | न्युन | न्युन | | | | |

| प्रकोप | ३० वर्ष | बैशाख | | | | जेठ | | | | असार | | | | साउन | | | | भदौ | | | | असोज | | | | कात्तिक | | | | मंसीर | | | | पुष | | | | माघ | | | | फागुन | | | | चैत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ |
| वाढी | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| महामारी | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| खडेरी | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| असिना पानी | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| रोगकिरा | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| भूकम्प | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| हुरीबतास | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| आग लागी | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| जनावर आतंक | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| चट्याङ् | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| सडक दुर्घटना | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| पहिरो | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| हिउँदे वर्षा | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| गर्मी | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जाडो | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| शितलहर | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

## २.३.३ बाली पात्रो

यस गाउँपालिकाको बाली पात्रो पनि तयार गरिएको छ । बाली पात्रो तयार गर्दा वर्षा र तापक्रममा आएको परिवर्तनले कृषिलाई प्रत्यक्ष असर पारेको भएता पनि परम्परागत कृषि प्रणालीको समयमा खासै फरक नआएको देखिन्छ । यद्यपि हाइब्रिड बीउहरुको प्रयोग गर्दा भने बाली पाक्ने र भित्र्याउने समय नै छिटो भएको पाइन्छ । परम्परागत कृषि पात्रोका आधारमा कृषिकर्म गर्दा उत्पादनमा प्रत्यक्ष परोक्ष असर परिरहेको देखिएकोले यसमा समय सापेक्ष सुधार ल्याउनुपर्ने देखिन्छ ।

| बाली | ३० वर्ष | बैशाख | | | | जेठ | | | | असार | | | | साउन | | | | भदौ | | | | असोज | | | | कार्त्तिक | | | | मंसीर | | | | पुष | | | | माघ | | | | फागुन | | | | चैत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ |
| धानको बिउ राख्ने | प | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| धान रोप्ने | प | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| धान काट्ने | प | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| मकै छर्ने | प | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| मकै काट्ने | प | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| गहुँ छर्ने | प | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| गहुँ काट्ने | प | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| आलु रोप्ने | प | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| आलु भित्राउने | प | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

## २.४.प्रकोप, जोखिम तथा सामाजिक स्रोत नक्साङ्कन र सङ्कटासन्नता तथा क्षमता पहिचान

वडाको सङ्कटासन्नता र क्षमता पहिचान गर्न समुदायका प्रतिनिधिको प्रत्यक्ष सहभागितामा वडाभित्र रहेका प्राकृतिक तथा गैरप्राकृतिक स्रोत साधन आदि उल्लेख भएको सामाजिक स्रोत नक्सा तयार गरी गाउँको वास्तविक अवस्थाको विश्लेषण गरिएको छ । सो नक्सामा समुदायमा अवस्थिति, विभिन्न प्रकोपहरु तथा प्रकोपहरु तथा सडक सञ्जालहरु, समुदायिक भवनहरु, विद्यालय, स्वास्थ्य केन्द्रहरु, वनजंगल, वडा कार्यालय भवन, बिजुली, खुल्ला तथा सुरक्षित आश्रय स्थलका लागि उपयुक्त क्षेत्र, खानेपानी, सरसफाइको अवस्था देखाइएको छ ।

## २.४.३ स्रोतको उपलब्धता तथा पहुँच

यस बोगटान फुड्सिल गाउँपालिकाको समुदायमा भएको क्षमता पत्ता लगाउन निम्नानुसार फारम प्रयोग गरिएको छ ।

| विवरण | नाम र रहेको स्थान | सङ्ख्या | क्षमता | अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| | | **भौतिक स्रोत** | | | |
| पुल | १. टुणा गाड<br>२. पतल गाड<br>३. जोराघाट सुन्तडी<br>४. सतफरी दुवातल<br>५. गला गाड<br>६. पल्तडा धौला बस्ती<br>७. सुल्यन खोला<br>८.गैरालेक अछाम | १<br>१<br>१<br>१<br>१<br>१<br>१<br>१ | १०० कुईन्टल<br>१२० कुन्टल | सुचारु | |
| सडक | दिपायल चवराचौतारा<br>चवराचौतारा कानाचौर<br>सहजपुर बोकटान<br>सताफरी राजपुर<br>धिकामाण्डौ राजपुर | १<br>१<br>१<br>१<br>१ | | सुचारु | |
| विद्यालय भवन | वडा नं १ देखि ७ सम्म | ४२ | ११७५९ जना | जोखिम अवस्थामा मर्मत गर्नुपर्ने भुकम्प प्रतिरोधात्मक क्षमता भएको वनाउनु पर्ने | |
| सुरक्षित आवास | नभएको | | | | |
| चौतारा | सिमचौर | १ | १५३ जना | प्रयोगमा | |

| | | | | | |
|---|---|---|---|---|---|
| | कानाचौर<br>सात्फरी<br>गोगुडा<br>चावराचौतारा | ३<br>१<br>३<br>३ | | | |
| खानेपानी वितरण धारा | गाँउपालिका भरी सार्वजनिक धारा | ९४७ | ३६०५ धरधुरी | २७४ सुचारु<br>६७३ पाईप तथा जिर्ण | |
| मठ मन्दिर/मस्जिद /चर्च | गाँउपालिका भरी मन्दिर | २३८ | ३६०५ धरधुरी | सुचारु | |
| **सञ्चारका साधन** | | | | | |
| टेलिभिजन | गाँउपालिका भरी | १८२ | ९१० जना | | |
| रेडियो | गाँउपालिक भरी | ४७९ | २३९५ जना | | |
| मोवाईल | गाँउपालिक भरी | ३६०५ धरधुरी | १०८५ | | |
| यातायातका साधन | सिमचौर<br>केदार अखडा<br>कानाचौर<br>सात्फरी<br>धिकामाण्डौ<br>गोगुडा<br>चावराचौतारा | ८<br>५<br>५<br>९<br>१३<br>१०<br>७ | | | मोटरसाईकल टेक्टर, बोलेरो |
| मेडिकल | कानाचौर<br>सात्फरी<br>धिकामाण्डौ<br>गोगुडा<br>चावराचौतारा<br>केदार अखडा<br>सिमचौर | १<br>१<br>१<br>१<br>४<br>१<br>१ | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| **मानव संसाधन** | | | | | |
| महिला स्वास्थ्य स्वयंसेविका | गाउँपालिका | ८१ | | | |
| तालिमप्राप्त कृषि प्राविधिक | गाउँपालिका | १८ जना | | | |
| शिक्षक | गाउँपालिका | १६३ | | | |
| कर्मचारी | गाउँपालिका | १३८ | | वडा तथा जिल्लामा कार्यरत,<br>तथा सरकारी | |
| सिकर्मी | गाउँपालिका | २८ | | | |
| डकर्मी | गाउँपालिका | ३७ | | | |
| निर्णय तहमा भएका महिला | गाउँपालिका भरी | १८ | महिला हक हितको लागी | | |
